Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

**DOI: https://doi.org/10.3126/spandan.v14i2.74871**

# भाषिक सक्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोग

**खडकबहादुर शाही**

**विद्यावारिधि शोधार्थी**

**लेखसार**

*विद्यार्थीहरूमा भाषिक सक्षमता अभिवृद्धि गर्न शिक्षण सामग्रीको महत्वहपूर्ण भूमिका रहन्छ । प्रस्तुत आलेख भाषिक सक्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोगको अध्ययन विश्लेषणमा केन्द्रित छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिबाट कालीकोट जिल्ला खाँडाचक्र नगरपालिकामा रहेका दुई ओटा माध्यमिक विद्यालयका कक्षा दशमा अध्यापनरत दुई जना नेपाली विषयका शिक्षक र सोही विद्यालयका कक्षा दशमा अध्ययनरत एकजना छात्र र एकजना छात्रालाई सहभागीका रूपमा लिइएको छ । सहभागी शिक्षक तथा विद्यार्थीहरूसँग अन्तर्वार्ता लिई सामग्री सङ्कलन गरिएको छ । सङ्कलित तथ्यलाई लिप्यान्तरण गरी कोडिङ्ग गरिएको छ । कोडिङ्ग गरिएको तथ्यबाट थिमको निर्माण गरिएको छ । विभिन्न थिमहरूबाट भाषिक सक्षमता अभिवृद्धिअन्तर्गत बोध क्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोग र अभिव्यक्ति क्षमता अभिवृद्धिमा शिक्षण सामग्री उपयोग जस्ता दुईओटा साझा थिम निर्माण गरी तथ्यलाई व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषित तथ्यबाट भाषिक सक्षमता अभिवृद्धिका लागि पाठ्यसामग्री, मौखिक सामग्री, श्रव्यसामग्री, श्रव्यदृश्य सामग्री तथा विद्युतीय (मोबाइल) सामग्रीको उपयोग गरिए तापनि मौखिक तथा पाठ्यसामग्री बढी उपयोग गरिएको र शिक्षण सामग्री उपयोग गर्दा सिकाइकेन्द्रित भन्दा शिक्षणकेन्द्रित सामग्री बढी उपयोग गरिनुका साथै शिक्षण सामग्री उपयोग गरी शिक्षण गर्दा विद्यार्थीको समान सहभागिता नदेखिएको निष्कर्ष निकालिएको छ । यस लेखबाट नेपाली भाषा शिक्षक, भाषिक अध्यता, विद्यार्थी तथा सरोकारवाला पक्षलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी :** *आदानात्मक सिप, प्रदानात्मक सिप, भाषाशिक्षण, भाषिक सक्षमता, शिक्षण सामग्री*

## अध्ययनको पृष्ठभूमि

भाषा शिक्षण सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको शिक्षण हो । भाषा शिक्षणमा सुनाइ र पढाइ जस्ता आदानात्मक सिप तथा पढाइ र लेखाइ जस्ता प्रदानात्मक सिपको शिक्षण गरिन्छ । “भाषा शिक्षण सिपको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ । भाषिक सिप प्रमुख

हुन्छ" (शर्मा र पौडेल, २०६७, पृ.३) । भाषा शिक्षणमा विषयवस्तुलाई साधनका तथा भाषालाई साध्यका रूपमा अनुप्रयोग गरिन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । "भाषा शिक्षणमा भाषाका सिपहरू सिकिन्छ र सिकाइन्छ । भाषाका बारेमा नभई भाषा सिकाइनु भाषा शिक्षण हो । भाषाको सिकाइ सिपहरूको सिकाइ जस्तै हो" (अधिकारी, २०७६, पृ.१५) । भाषा शिक्षण भाषाका सिप तथा कलाको शिक्षण हो । विद्यार्थीहरूमा भाषिक सिपगत सक्षमता विकासका लागि भाषा शिक्षण गरिन्छ । भाषाका सुनाइ पढाइ जस्ता आदानात्मक तथा पढाइ र लेखाइ जस्ता प्रदानात्मक सिपहरूको आर्जन तथा तिनको सान्दर्भिक प्रयोग गर्नु भाषिक सक्षमता हो । विद्यार्थीहरूमा भाषिक सक्षमता विकासका लागि भाषा शिक्षणको आवश्यकता पर्दछ । "भाषाका माध्यमबाट सिकाइ सक्षमता अभिवृद्धि गर्नु तथा मौखिक र लिखित रूपमा यसको सम्प्रेषण विकास गर्नु आवश्यक छ" (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, पृ. १४) । विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमताको विकास गरी भाषिक सक्षमता हासिल गर्न भाषा शिक्षणको क्रममा विभिन्न नवीनतम् विधि, पद्धति, प्रविधि तथा शिक्षण सामग्रीको प्रयोग गर्नुपर्दछ । भाषा शिक्षणका सन्दर्भमा सिकाइ सहजीकरण प्रक्रियामा भाषाका बोध तथा अभिव्यक्ति सक्षमता वृद्धिका लागि, श्रव्य, दृश्य, श्रव्यदृश्य, स्पर्श, मौखिक, लिखित, मुख्य, सहायक, गौण, पाठ्य, विद्युतीय आदि शिक्षण सामग्रीको उपयोग गर्नुपर्दछ । उपयोग गरिएका शिक्षण सामग्री भने विद्यार्थीको उमेर, क्षमता, रुचि, चाहना, स्तर, विषयवस्तुको प्रकृतिमा आधारित हुनुपर्छ । शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्दा सामाजिक साँस्कृतिक पक्षलाई पनि हेक्का राख्नुपर्दछ ।

भाषा शिक्षणका क्रममा शिक्षण सिद्धान्तमा आधारित तथा सिकाइ सिद्धान्तमा आधारित सामग्रीहरू उपयोग गरिन्छन् । "सिकाइ सिद्धान्तमा आधारित शिक्षण यो एउटा तरिका हो । शिक्षण सिद्धान्तमा आधारित सिकाइ यो एउटा अर्को तरिका हो" (कोइराला, २०७२, पृ. १२१) । सामग्री पनि यिनै दुई तरिकाले प्रयोग गरिन्छन् । शिक्षण सिद्धान्तमा आधारित सामग्री शिक्षक केन्द्रित हुन्छन् भने सिकाइ सिद्धान्तमा आधारित सामग्री विद्यार्थी अनुकूलित हुन्छन् । यी र यस्तै सामग्रीहरू भाषा शिक्षणमा उपयोग गरिन्छन् । उपयोग गरिएका विभिन्न प्रकृतिका सामग्रीले विद्यार्थीहरूमा भाषिक सक्षमता अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा तथा सैद्धान्तिक मान्यता रहेको छ । यसै सन्दर्भमा प्रचलित सैद्धान्तिक मान्यता र अपेक्षित अपेक्षानुसार विद्यार्थीहरूमा भाषिक सक्षमता अभिवृद्धिका लागि विद्यालयीय तहमा शिक्षकहरूले के–कस्ता प्रकृतिका सामग्रीहरू निर्माण र अनुप्रयोग गर्छन् । ती सामग्रीहरूको उपलब्धता कस्तो छ ? प्रयोग गरिएका शिक्षण सामग्रीहरू समाज र संस्कृति अनुकूलताका छन् कि छैनन् ? शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्दा विद्यार्थीको स्तर, क्षमता, तह, रुचि तथा बहुबौद्धिकतालाई कत्तिको ख्याल गरिन्छ ? शिक्षण सामग्रीहरूले विद्यार्थीको भाषिक सक्षमता अभिवृद्धिमा सहयोग गरेका छन् ? भाषिक सक्षमता अभिवृद्धिका लागि प्रयोग गरिने शैक्षिक सामग्रीहरू उपलब्धता या आवश्यकताका आधारमा प्रयोग गरिन्छन् जस्ता विविध पक्षहरू भाषाका सक्षमता अभिवृद्धिका लागि भाषा शिक्षणका सन्दर्भमा उपयोग गरिने शिक्षण सामग्रीसँग अनुबन्धित जिज्ञासाहरू तथा अनुसन्धेय पक्षहरू हुन् । यहाँ यिनै अनुसन्धेय पक्षहरूको अध्ययन गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

यस भाषिक सक्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोगको शीर्षकको लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अनुसन्धानात्मक लेखमा उद्देश्यमूलक नमुना छनोट विधिको अनुप्रयोग गरी कालीकोट जिल्ला खाँडाचक्र नगरपालिकाअन्तर्गत पञ्चदेव माध्यमिक विद्यालय र चुलिमालिका माध्यमिक विद्यालयमा माध्यमिक तहमा कार्यरत नेपाली विषयका शिक्षक तथा सोही विद्यालयका कक्षा दशमा अध्ययनरत एक जना छात्र र एक जना छात्रालाई सहभागीका रूपमा छनोट गरिएको छ । सहभागी शिक्षक तथा छात्रछात्रासँग भाषाशिक्षणमा भाषिक सक्षमता अभिवृद्धिका लागि शैक्षिक सामग्रीको प्रयोगसम्बन्धी अन्तर्वार्ता लिई धारणा सङ्कलन गरियो । मोबाइलमा रेकर्ड गरिएको शिक्षक र विद्यार्थीको धारणालाई छुट्टाछुट्टै लिप्यान्तरण गरी लिप्यान्तरित धारणालाई कोडिङ गरियो । सहभागी शिक्षक तथा छात्रछात्राबाट प्राप्त धारणालाई दुईओटा साझा धारणा (थिम) मा आधारित भई व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## शिक्षण सामग्रीको परिचय र सैद्धान्तिक अवधारणा

शिक्षण शिक्षक, विषयवस्तु र विद्यार्थीबिचको अन्तर्क्रियात्मक प्रक्रिया हो । विद्यार्थीहरूको सिकाइलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि सिकाइ सहजीकरण प्रक्रियामा प्रयोग हुने सामग्री शिक्षण सामग्री हुन् । "शिक्षणका क्रममा प्रयोग गरिने पाठ्यपुस्तक लगायतका साामग्रीहरू शैक्षिक सामग्री हुन् । शैक्षिक सामग्रीलाई शिक्षक सहायक सामग्री पनि भनिन्छ" (ढुङ्गेल र दाहाल, २०६३, पृ.३०९) । शिक्षण सामग्री प्रयोगले सिकाइ सहजीकरण प्रक्रिया सरल सहज त हुन्छ नै । यसबाट विद्यार्थीले सिकेका ज्ञान, सिप तथा उनीहरूको प्रवृत्ति तथा व्यवहारमा आएको सिकाइगत परिवर्तन पनि चिरस्थायी हुन्छ । "कुनै पनि शिक्षकले मात्र विवेचना र वर्णनका आधारमा सिकाएको कुरा विद्यार्थीले प्रभावकारी रूपमा सिक्न सक्दैनन् । तसर्थ विषयवस्तुको प्रभावकारी शिक्षण गराउन सिकेका कुरालाई चिरस्थायी बनाउनका निम्ति पाठ्यपुस्तक तथा पाठसँग सम्बन्धित अन्य सामग्रीको समेत प्रयोग गर्नुपर्छ" (ढुङ्गेल र दाहाल, २०६३, पृ.३०९) । विद्यार्थीलाई विषयवस्तुगत ज्ञानको स्पष्ट रूप दिन, सक्रिय सहभागिता गराउन, विषयगत दक्षता र कुशलताको विकास गराउन, शिक्षण सामग्रीको प्रयोग गरिन्छ । "शिक्षकले विषयवस्तुको मौखिक जानकारी दिएर मात्र शिक्षण कार्य पुरा नहुने भएकोले शिक्षणलाई सफल तुल्याउन शैक्षिक सामग्रीको प्रयोग अनिवार्य र महत्वपूर्ण मानिन्छ" (जोशी, २०७५, पृ.९५) । शिक्षण सामग्रीहरू सिकाइ सहजीकरण प्रक्रियाका अनिवार्य तथा अपरिहार्य साधनहरू हुन् । "शिक्षण र सिकाइबिचको दुरी कम गर्न बालबालिकाहरूमा विभिन्न सिप तथा धारणाको विकास गर्न उनीहरूको सिकाइ अनुभव र सोचाइ क्षेत्रको क्षमता अभिवृद्धि गर्न विभिन्न शैक्षिक सामग्रीको प्रयोग गर्न आवश्यक हुन्छ" (अधिकारी, २०६८, पृ.१७१) । सिकाइ शिक्षणका क्रममा विद्यार्थीलाई केन्द्रमा राखेर उनीहरूको ज्ञान, सिप तथा व्यवहारगत परिवर्तनका लागि शिक्षण सामग्री उपयोग गरिन्छन् ।

अन्य विषयको शिक्षण जस्तै भाषिक सिप प्राप्तिका लागि गरिने भाषा शिक्षणमा पनि सामग्रीको प्रयोग गरिन्छ । "भाषा विभिन्न सिप तथा पक्ष एवम् साहित्यका विविध पाठ्यवस्तुहरूको प्रभावकारी

शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहयोगी सामग्रीका रूपमा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ" (शर्मा र पौडेल, २०६८, पृ.४४६) । भाषिक सिप विकासका लागि उपयोगी शिक्षणका क्रममा प्रयोग गरिएका सामग्रीहरू भाषा शिक्षण सामग्री हुन् । "नेपाली भाषा शिक्षणपश्चात् विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी चार ओटै सिपहरूको विकास हुन जरूरी हुन्छ । यसका निम्ति शैक्षिक सामग्रीको अपरिहार्यता रहन्छ" (जोशी, २०७२, पृ.९५) । भाषिक सिप शिक्षणका क्रममा प्रयोग गरिने मौखिक, श्रव्य, दृश्य, श्रव्यदृश्य, पाठ्य, विद्युतीय आदि सामग्रीहरू शिक्षण सामग्रीहरू हुन् । भाषा शिक्षणलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक, प्रभावकारी तथा चिरस्थायी बनाउन सिकाइ सहजीकरण प्रक्रियामा विभिन्न प्रकृतिका शिक्षण सामग्रीहरू उपयोग गरिन्छन् । शर्मा र पौडेल (२०६७) काअनुसार भाषा शिक्षण सामग्रीका रूपमा दैनिक प्रयोग हुने सामग्रीहरू (पाठ्यपुस्तक, कालो, सेतो पार्टी, चक, डस्टर) आदि शिक्षक निर्मित सामग्री (प्रतिमूर्ति, चित्र, विभिन्न किसिमको पत्ती, तालिका) आदि, मौखिक सामग्री (उदाहरण, प्रश्न आदि), सङ्कलित सामग्री ( पत्रपत्रिका, तस्विर, वास्तविक वस्तु, पोस्टर आदि), विद्युतीय सामग्री (टेपरेकर्डर, रेडियो, ग्रामोफोन, टेलिफोन, टेलिभिजन, भिडियो, टेप, ओभरहेड, प्रोजेक्टर, फिल्म, फिल्म स्ट्रिप, स्लाइड आदि) (पृ.२७८) प्रयोग गरिन्छन् । वर्तमान युग विज्ञान र प्रविधिको युग भएकाले भाषा शिक्षणमा पनि फेसबुक, ट्वीटर, युट्युव, गुगल टक, स्काइप, भर्चुअल, प्रयोगशाला डिजिटल, पुस्तकालय आदि इन्टरनेटमा (निरौला, २०७२, पृ.१८३) उपलब्ध सामग्री भाषा शिक्षणका लागि झन आवश्यक तथा प्रभावकारी देखिन्छन् । भाषा शिक्षणमा शब्दभण्डारको विकास, भाषिक सामर्थ्य तथा सम्पादन क्षमताको विकास तथा भाषिक तत्वको अभ्यासका लागि शिक्षण सामग्रीहरू प्रयोग गरिन्छन् । "नेपाली भाषाका पाठ्यवस्तुहरूलाई सरल, उद्देश्यपूर्ण एवम् प्रभावकारी रूपमा प्रस्तुति गर्न ...नेपाली भाषाका दृष्टिले विद्यार्थीहरूमा सिर्जनात्मक, सम्पादानात्मक, उत्पादनात्मक तथा मौलिक ढङ्गको सुझ र सिप सिकाइ उनीहरूको व्यक्तित्व विकासमा टेवा पुर्‍याउन" (शर्मा र पौडेल, २०६८, पृ.४४८) भाषा शिक्षणमा शिक्षण सामग्रीहरूको आवश्यकता पर्दछ । "सय चोटि भनेको भन्दा एक चोटि देखेको प्रभावकारी हुन्छ भन्ने अंग्रेजी भनाइ" (शर्मा र पौडेल, २०६८, पृ.४४७) ले सिकाइ सहजीकरण प्रक्रियामा शिक्षण सामग्रीको महत्वलाई दर्साउँदछ ।

सिकाइ सहजीकरण प्रक्रियामा उपयोग गरिने शिक्षण सामग्रीहरू निर्माण र प्रयोग गर्दा विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ । शिक्षण सामग्रीहरू पाठ/विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर, क्षमता, रूचि, विद्यार्थीको संख्या, कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्दछ । "सामग्रीको व्यवस्था मिलाउँदा र कक्षा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, कक्षाको स्तर, विद्यार्थीको सङ्ख्या, विद्यार्थीको अनुभवको सेरोफेरो, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विद्यार्थीको भाषिक र साँस्कृतिक पृष्ठभूमि, विषयवस्तु तथा पाठ्यवस्तुको प्रकृति जस्ता विविध कुराको ख्याल गर्नुपर्छ" (शर्मा र पौडेल, २०६८, पृ.४४६) । सिकाइ सहजीकरण प्रक्रियाको मुख्य उद्देश्य विद्यार्थीको ज्ञान, सिप, धारणा तथा व्यवहारमा परिवर्तन गर्नु हो । शिक्षण सामग्री पनि विद्यार्थी केन्द्रित हुनुपर्छ । विद्यार्थी फरक-फरक स्तर, रुचि चाहनाका हुन्छन् । "विद्यार्थीमा सिक्ने क्षमता, रूचि, चाहना व्यक्तिपिच्छे फरकफरक हुन्छन् । कोही

सुनेर, कोही शब्दबाट, कोही चित्रबाट, कोही सङ्गीतबाट, कोही तर्कबाट, कोही अभ्यास गरेर, कोही आपसमा कुराकानी गरेर, कोही नम्बरबाट, कोही स्वाध्ययनबाट सिक्दछन्" (निरौला, २०७२, पृ.१८४) । शिक्षण सामग्रीको निर्माण गर्दा विषयवस्तु, विद्यार्थी तथा वातावरणको ख्याल गर्नुपर्दछ । विद्यार्थीको रुचि, चाहना, स्तर, क्षमता जस्ता विविध पक्षलाई ख्याल गरी निर्माण तथा उपयोग गरिने सामग्रीहरू बढी प्रभावकारी हुन्छन् । विद्यार्थीको स्तर, रुचि, चाहना, तथा सिक्ने क्षमता फरक-फरक हुने भएकाले भाषिक सिपगत विषयवस्तु तथा विद्यार्थीको प्रकृतिका आधारमा शिक्षण सामग्री निर्माण र उपयोग गर्नु सान्दर्भिक हुन्छ ।

शिक्षण प्रक्रियाका सन्दर्भमा शिक्षण सामग्रीको उपयोगसम्बन्धी विभिन्न किसिमका मान्यता तथा सिद्धान्तहरू प्रचलित छन् । यस्ता सिद्धान्तहरूले कस्ता किसिमका शिक्षण सामग्रीहरू निर्माण तथा प्रयोग गरिन्छन् र गरिनुपर्छ भन्ने मान्यताहरू राख्दै आइरहेका छन् । विशेष गरी सिद्धान्तहरू शिक्षण तथा सिकाइसँग सम्बन्धित छन् । शिक्षामा प्रचलित यस्ता दर्शनहरूले शिक्षण सामग्रीको निर्माण र प्रयोगमा मान्यताहरू स्थापित गरेका छन् । कोइराला, (२०७२), काअनुसार आदर्शवादले शैक्षिक सामग्रीहरू खोज्यो, यथार्थवादले सामग्रीबाटै सत्यबोधको चिन्तन गरायो, संज्ञानवादले दृश्यबाट अदृश्य, निर्माणवादले खेल्ने चिन्तनको विकास, समालोचनावादले प्रत्यक्ष अनुभूतिमा जोड, प्रदर्शनवादले नमुना शैक्षिक सामग्रीमा जोड दिएको छ (पृ.११६) । शिक्षा क्षेत्रमा स्थापित दर्शनले शिक्षण सामग्रीको सवालमा विभिन्न मान्यताहरू अघि सारेका छन् । प्रगतिवादले विद्यार्थीहरूलाई केन्द्रमा राखेर शैक्षिक सामग्री निर्माण गर्नुपर्ने धारणा राख्दछ भने सामाजिक संरचनावादले समाज तथा विद्यार्थीलाई नै शैक्षिक सामग्रीका रूपमा देख्दछ । MKO र Scaffolding नै शैक्षिक सामग्री भएको सामाजिक संरचनावादको धारणा रहेको छ । सिकाइका क्षेत्रमा विकास भएका मनोवैज्ञानिक सिद्धान्तले पनि शैक्षिक सामग्री निर्माण र प्रयोगमा मान्यता स्थापित गरेका छन् । "मनोवैज्ञानिक सिद्धान्त अनुशरण गर्नेहरूले प्रत्येक खाले सिकाइमा शैक्षिक सामग्रीको ठाउँ देखे" (कोइराला, २०७२, पृ.११६) । व्यवहारवादले उत्तेजना प्रतिक्रियामा आधारित शैक्षिक सामग्री, संज्ञानवादीहरूले खोज चिन्तनमा आधारित शिक्षण सामग्रीको निर्माण र प्रयोगमा जोड दिन्छन् । विश्वमा प्रचलित शिक्षाका दर्शन तथा सिकाइसम्बन्धी सिद्धान्तहरूमध्ये पुराना सिद्धान्तहरूले शिक्षण सिद्धान्तमा आधारित शिक्षण सामग्रीको अनुप्रयोग तथा निर्माणमा जोड दिन्छन् भने आधुनिक तथा उत्तरआधुनिक सिद्धान्तले समालोचनात्मक चिन्तनका आधारमा सिकाइका रणनीति तय गरी सिकाइ सिद्धान्तमा आधारित शिक्षण सामग्रीको निर्माण र अनुप्रयोगमा जोड दिन्छन् । सिकाइ सिद्धान्तमा आधारित शिक्षण सामग्री बहुबौद्धिकता, सिकाइको आधुनिक रणनीति-'म गर्छु, हामी गरौँ, तिमी गर', मा आधारित हुन्छन् र विद्यार्थीको विविधतालाई सम्बोधन गर्ने खालका हुन्छन् । यी विभिन्न दर्शन तथा सिकाइ सिद्धान्तमा आधारित शिक्षण सामग्री भाषा शिक्षणको सन्दर्भमा भाषिक सक्षमता अभिवृद्धिका लागि सान्दर्भिक र बढी उपयोगी मानिन्छन् ।

## नतिजा र छलफल

भाषिक सक्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोग शीर्षकको यस लेखमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा उपयोग गरिने शिक्षण सामग्रीको निर्माण र प्रयोगसम्बन्धी शिक्षक तथा विद्यार्थीहरूको अन्तर्वार्ताबाट लिइएका तथ्यलाई नतिजा र छलफलको रूपमा विश्लेषण गरिएको छ । तथ्यलाई विश्लेषण गर्दा बोध क्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको प्रयोग तथा अभिव्यक्ति क्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको प्रयोग जस्ता दुईओटा साझा (थिम) धारणा निर्माण गरिएको छ । तथ्यलाई विश्लेषण गर्दा जिन पियाजेको संज्ञानवादी मनोवैज्ञानिक सिकाइ सिद्धान्त, भिगोत्स्कीको निर्माणवादी शैक्षिक दर्शन र जोन डिवेको प्रगतिवादी दर्शनलाई आधार मानी प्राप्त तथ्यलाई  विश्लेषण गरिएको छ ।

## बोध क्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोग

कुनैपनि विचार, धारणा, सूचना तथा विषयवस्तु सुनेर या पढेर अर्थ ग्रहण गर्नु बोध हो । बोधअन्तर्गत सुनाइ र पढाइ सिपहरू पर्दछन् । बोध क्षमता वृद्धिका लागि सिकाइ सहजीकरण प्रक्रियाका सन्दर्भमा श्रव्य, दृश्य, श्रव्यदृश्य, विद्युतीय पाठ्यसामग्रीको प्रयोग गर्न सकिन्छ र गर्नुपर्दछ । बोधअन्तर्गत सुनाइ सिपको शिक्षण गर्दा कक्षा कोठामा प्रयोग गरिने शिक्षण सामग्री प्रयोगसम्बन्धी सहभागी शिक्षक 'क' को धारणा यस्तो पाइयो  "सुनाइ सिपको शिक्षण गर्दा सबैभन्दा बढी त पाठ्यपुस्तक नै प्रयोग गर्छु । कविता शिक्षण गर्दा पाठ्य कविताहरू मोबाइलमा डाउनलोड गरेर सुनाउँछु । कहिलेकाहीँ कक्षा कोठामा मौखिक रूपमा कथा कविता सुनाएर शिक्षण गर्छु । सहभागी शिक्षक 'क' को धारणालाई हेर्दा सुनाइ सिपले शिक्षण गर्दा पाठ्यपुस्तक, मौखिक सामग्री तथा विद्युतीय सामग्री मोबाइलको प्रयोग गर्ने गरिएको पाइयो । यसै गरी सुनाइ सिपको शिक्षणका सन्दर्भमा प्रयोग हुने शिक्षण सामग्रीको प्रयोगसम्बन्धी शिक्षक 'ख' को धारणा यस्तो छ "म सुनाइ शिक्षण गर्दा पाठ्यपुस्तकका अनुच्छेद सुनाएर अभ्यास गराउँछु । कविता भने युट्युबबाट डाउनलोड गर्छु । अनि सुनाउँछु । कक्षाकोठामा कथा र कविता पनि सुनाएर शिक्षण गर्ने गरेको छु" सुनाइ सिप शिक्षणका क्रममा शिक्षक 'ख' ले पनि पाठ्यवस्तु, मोबाइल र मौखिक सामग्री प्रयोग गरेको पाइयो । सुनाइ शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने सामग्री बारे सहभागी छात्र भन्दछन् "सरले हामीलाई पढाउँदा किताब पढ्नुहुन्छ र प्रश्न सोध्नुहुन्छ । कविता मोबाइलबाट सुनाउनुहुन्छ । कहिलेकाहीँ मौखिक रूपमा कथा भन्नुहुन्छ" यसरी सहभागी शिक्षक तथा विद्यार्थीको धारणालाई हेर्दा सुनाइ शिक्षणको क्रममा शिक्षकले पाठ्यपुस्तक, मौखिक सामग्री तथा मोबाइलको प्रयोग गरेको पाइयो । सुनाइ सिपको प्रभावकारी शिक्षणका लागि अन्य शिक्षकले प्रयोग गरेका सामग्रीबाहेक अन्य सामग्री पनि प्रयोग गर्नुपर्ने देखिन्छ ।

विद्यार्थीहरूमा बोध क्षमताको विकास गर्नका लागि पढाइ सिपको आवश्यकता पर्दछ । बोधअन्तर्गत पढाइ क्षमताको विकास गर्नका लागि सिकाइ सहजीकरण प्रक्रियाको सिलसिलामा श्रव्य, दृश्य, श्रव्यदृश्य, पाठ्य, मौखिक, विद्युतीय, बेवमा आधारित सामग्रीको प्रयोग गर्न सकिन्छ । कक्षाकोठामा बोधअन्तर्गत पढाइ सिप शिक्षणका लागि के-कस्ता शिक्षण सामग्रीको  उपयोग गरिन्छन्

भन्ने सन्दर्भमा सहभागी शिक्षक 'क' को धारणा यस्तो रहेको छ "कक्षाकोठामा पढाउँदा सबैभन्दा बढी पाठ्पुस्तक नै प्रयोग गर्छु । पाठ्यपुस्तक आफू पढ्छु अनि विद्यार्थीलाई पढ्न लगाउँछु । कहिलेकाहीँ पुस्तकालयमा भएका निबन्ध, कथा कविता संग्रह पनि पढ्न लगाउँछु" । सहभागी शिक्षक 'क' को धारणालाई हेर्दा बोधअन्तर्गत पढाइ सिपको शिक्षण गर्दा पाठ्यपुस्तक उपयोग गरिएको पाइयो भने पुस्तकालयको पनि उपयोग गरिएको पाइयो । पढाइ सिप शिक्षणका लागि कक्षाकोठामा उपयोग गरिने शिक्षण सामग्रीको प्रयोगसम्बन्धी सहभागी शिक्षक 'ख' को धारणा यस्तो छ "पढाउने क्रममा बढी पाठ्यपुस्तक नै प्रयोग गरिन्छ । कहिलेकाहीँ अन्य कथा, कविता, निबन्ध पनि पढ्न लगाउँछु ।" शिक्षक 'ख' को धारणालाई हेर्दा पनि कक्षाकोठामा सिकाइ सहजीकरण प्रक्रियाको सिलसिलामा पाठ्यपुस्तक बढी उपयोग गरिएको पाइयो । कक्षाकोठामा पढाउने क्रममा शिक्षकले उपयोग गर्ने शिक्षण सामग्रीको प्रयोगसम्बन्धी सहभागी छात्राको भनाइ यस्तो छ "सरले अफिसबाट मार्कर, डस्टर र किताब ल्याएर आउनुहुन्छ । पाठको शीर्षक सेतो पार्टीमा लेखेर किताब पढ्नुहुन्छ । हामीलाई पढ्न लगाउनुहुन्छ । कहिलेकाहीँ लाइब्रेरीमा लग्नुहुन्छ । हामी त्यहाँ पढ्छौं " सहभागी छात्राको शिक्षकले पढाउँदा पाठ्यपुस्तकको तथा पुस्तकालयको उपयोग गरेको धारणा पाइयो भने पढाइको बारेमा सहभागी छात्रको सर किताब पढाउँनु हुन्छ हामी पढ्छौं । कहिलेकाहीँ अन्य कथा, कविता पढ भन्नु हुन्छ भन्ने धारणा पाइयो । यसरी कक्षाकोठामा सिकाइ सहजीकरण प्रक्रियामा बोधअन्तर्गत पढाइ सिपका लागि प्रयोग गरिने शिक्षण सामग्रीसम्बन्धी शिक्षक तथा विद्यार्थीको धारणालाई हेर्दा कक्षाकोठामा सबैभन्दा बढी पाठ्यपुस्तक उपयोग गरिएको पाइयो यसका साथै पुस्तकालयको प्रयोग पनि गरिएको पाइयो । यसका अलवा बोध क्षमता अभिवृद्धिका लागि कथा, कविता, जीवनी अन्य प्रेरणामूलक पुस्तक, पत्रपत्रिका, सूचना, वेवमा आधारित सामग्री पनि प्रयोग गर्न सकिन्छ । कक्षाकोठामा बोधअन्तर्गत पठन सिप विकासका लागि पाठ्यपुस्तकबाहेक अन्य सामग्रीको पनि प्रयोग गर्नुपर्ने देखिन्छ ।

भाषा शिक्षण गर्दा विद्यार्थीको स्तर, क्षमता, रुचि, चाहना जस्ता विविध पक्षलाई ख्याल गरी विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तथा सञ्चालन गर्नुपर्दछ । सिकाइ सहजीकरण प्रक्रियामा उपयोग गरिने शिक्षण सामग्रीहरू पनि पाठको प्रकृति तथा विद्यार्थीको रुचि, चाहना, क्षमता, स्तरअनुसार हुनुपर्दछ । शिक्षण सामग्रीहरू शिक्षणमा आधारित नभई सिकाइमा आधारित हुनुपर्दछ । शिक्षण सामग्री निर्माण र उपयोग गर्दा शिक्षकले विद्यार्थीको रुचिलाई ध्यान दिनुपर्दछ । सकभर विद्यार्थीसँग सल्लाह गरेर सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने आधुनिक धारणा रहेको छ । विद्यार्थीको रुचि, चाहना, स्तर, क्षमताअनुसार शिक्षण सामग्रीको निर्माण र उपयोगसम्बन्धी सहभागी शिक्षक 'क' को धारणा यस्तो छ "शिक्षण सामग्री उपयोग गर्दा यो पाठलाई यो सामग्री आवश्यक हुन्छ भनी उपयोग गरिन्छ । कक्षाकोठामा एउटै विषयका लागि फरक-फरक सामग्रीको निर्माण र उपयोग गरिदैन । शिक्षण सामग्रीको उपयोग गर्दा विद्यार्थीको रुचि, क्षमता र चाहनालाई खासै ख्याल गरिदैन" सहभागी शिक्षक 'क' को धारणालाई हेर्दा शिक्षण सामग्रीको उपयोग गर्दा पाठको प्रकृतिलाई ख्याल गरिएको पाइए तापनि विद्यार्थीको रुचि, क्षमता तथा स्तरलाई ख्याल गरिएको पाइएन । यसै सन्दर्भमा सहभागी शिक्षक 'ख' को धारणा यस्तो रहेको छ "पाठ्यपुस्तकबाहेक अन्य सामग्रीको धेरै त उपयोग गरिदैन ।

कहिलेकाहीँ अन्य सामग्रीको उपयोग गर्दा यो पाठलाई यो चाहिन्छ भनी गरिन्छ । विद्यार्थीको फरक-फरक रुचिलाई ख्याल गरेर शिक्षण सामग्रीको निर्माण र उपयोग त गरिएको छैन । “शिक्षक ‘ख’ ले पनि पाठको प्रकृतिका आधारमा शिक्षण सामग्री प्रयोग गरे पनि विद्यार्थीको रुचि, क्षमता तथा चाहनालाई ख्याल गरी शिक्षण सामग्रीको प्रयोग गरेको पाइएन । विद्यार्थीसँगको सल्लाह सहमति अनि विद्यार्थीको चाहनाअनुसार कक्षाकोठामा शिक्षण सामग्रीको प्रयोगसम्बन्धी सहभागी छात्राको धारणा यस्तो छ “कक्षामा सरले किताब पढाउनुहुन्छ । पढ्न लगाउनुहुन्छ । आज के पढ्छौं ? कसरी पढ्छौं भनेर सोध्नुहुन्न । अन्य सामग्री पनि सर आफै ल्याएर प्रयोग गर्नुहुन्छ । सहभागी छात्राको धारणालाई हेर्दा शिक्षकले शिक्षण सामग्रीको प्रयोग गर्दा विद्यार्थीको रुचि चाहनालाई ख्याल गरिएको पाइएन । विद्यार्थीको स्तरनुकूल शिक्षण सामग्रीको निर्माण र प्रयोगका सन्दर्भमा सहभागी छात्रको धारणा यस्तो छ “सर कक्षाकोठामा सबैभन्दा बढी किताब पढाउनुहुन्छ । कथा कविता मुखले सुनाउनुहुन्छ । कहिलेकाहीँ मोबाइल पनि सुनाउनुहुन्छ । सुनाउँदा पढाउँदा सर हामीलाई प्रश्न सोध्नुहुन्छ ।” कक्षाकोठामा शिक्षण सामग्रीको प्रयोग र निर्माण गर्दा पाठको प्रकृति र विद्यार्थीको रुचि, चाहना, स्तर र क्षमता अनुसार शिक्षण सामग्रीको प्रयोगसम्बन्धी सहभागी शिक्षक र विद्यार्थीको धारणालाई हेर्दा पाठको प्रकृतिको आधारमा मौखिक, पाठ्य, विद्युतीय, (श्रव्य, दृश्य) सामग्रीको निर्माण र प्रयोग गरिएको पाइए तापनि विद्यार्थीको रुचि, क्षमता, स्तरलाई ख्याल गरी शिक्षण सामग्रीको प्रयोग गरिएको पाइएन । शिक्षक र विद्यार्थीको धारणाअनुसार शिक्षक/शिक्षण केन्द्रित सामग्रीको प्रयोग गरिए तापनि विद्यार्थी सिकाइ केन्द्रित सामग्रीको प्रयोग गरिएको पाइएन । भाषा शिक्षणअन्तर्गत बोध क्षमता वृद्धिका लागि शिक्षकले कक्षाकोठामा पाठको प्रकृति, विद्यार्थीको रुचि, क्षमता, चाहना तथा स्तरअनुसार विद्यार्थी सिकाइ केन्द्रित सामग्रीको उपयोग गर्नुपर्ने देखिन्छ ।

शिक्षणमा विषयवस्तुका बारेमा विद्यार्थी र शिक्षकबिच दोहोरो अन्तर्क्रिया हुन्छ । शिक्षणमा विद्यार्थीको सक्रिय सहभागितालाई आवश्यक ठानिन्छ । भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण भएकाले बढी अन्तर्क्रियात्मक हुनुपर्दछ । भाषा सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता आवश्यक हुने भएकाले प्रयोग गरिने शैक्षिक सामग्रीहरूले पनि विद्यार्थीहरूलाई अन्तर्क्रियात्मक सक्रिय सहभागिता गराउन सक्नुपर्दछ । भाषाको बोध क्षमता अभिवृद्धिका लागि उपयोग गरिने शिक्षण सामग्रीहरूले विद्यार्थीलाई कत्तिको सक्रिय सहभागिता गराउँछन् भन्ने सन्दर्भमा सहभागी शिक्षक ‘क’ भन्छन् “कक्षामा पाठ्यपुस्तक प्रयोग गरेर अन्तर्क्रिया गराउँछु । विद्यार्थीबिच विषयवस्तु दिएर छलफल पनि गर्न लगाउँछु । कथा सुनाएर त्यसको सार पनि भन्न लगाउँछु । मोबाइलबाट कविता सुनाएर त्यसै गरी आदर्श वाचन गर्छु र गर्न लगाउँछु । कक्षामा शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरूलाई सक्रिय गराउने गरेको धारणा शिक्षक ‘क’ बाट प्राप्त भयो । यसै विषयमा सहभागी शिक्षक ‘ख’ को धारणा “विद्यार्थीलाई पढ्न लगाउँछु, मौखिक प्रश्नोत्तर गर्छु विद्यार्थीहरूलाई नै कथा कविता भन्न लगाएर तिनै कथा कविताबाट प्रश्नोत्तर गर्छु । मौन पठन गराएर पनि प्रश्नोत्तर गर्ने गरेको छु” भन्ने धारणा रहेको छ । शिक्षक ‘ख’ को धारणाअनुसार कक्षाकोठामा बोध क्षमता विकासका लागि पाठ्य, मौखिक तथा विद्युतीय सामग्री प्रयोग गर्दा विद्यार्थीको सक्रिय सहभागिता गराइएको पाइयो । भाषा शिक्षण अन्तर्गत

बोध क्षमता (सुनाइ र पढाइ) वृद्धिका लागि शिक्षण सामग्रीको प्रयोग गर्दा विद्यार्थीको सक्रिय सहभागिता बारे सहभागी छात्रको धारणा यस्तो रहेको छ "कक्षाकोठामा सर मार्कर, डस्टर प्रयोग गर्नु हुन्छ। अनि सर किताब पढ्नुहुन्छ। हामी पनि पढ्छौँ। कक्षामा जान्ने विद्यार्थी अगाडि बस्छन्। नजान्ने विद्यार्थी पछाडि बस्छन्। जान्ने विद्यार्थीहरू सरलाई बढी सोध्छन्। सर पनि तिनीहरूलाई बढी सोध्नुहुन्छ" सहभागी छात्रको धारणालाई हेर्दा कक्षाकोठामा जान्ने विद्यार्थी बढी र नजान्ने विद्यार्थीहरू कम सहभागिता भएको पाइयो। यसै सन्दर्भमा शिक्षण सामग्री प्रयोगका बारेमा सहभागी छात्रा "शिक्षकले कक्षाकोठामा पढाउँदा पाठको मौखिक वर्णन गर्नुहुन्छ। त्यसको बारेमा जान्ने विद्यार्थीलाई बढी सोध्नुहुन्छ। जान्ने विद्यार्थी नै बढी सोध्दछन् र छलफल गर्दछन्" भन्ने धारणा पाइयो। यसरी सिकाइ सहजीकरण प्रक्रियाको सिलसिलामा प्रयोग हुने पाठ्य, मौखिक, छलफल, श्रव्य, दृश्य तथा विद्युतीय सामग्रीको उपयोग गर्दा विद्यार्थीको सक्रिय सहभागितासम्बन्धी शिक्षक तथा विद्यार्थीको धारणालाई हेर्दा शिक्षकले कक्षाकोठामा शिक्षण सामग्रीको प्रयोग गरी शिक्षणलाई बढी अन्तर्क्रियात्मक तथा सक्रिय गराएको पाइयो भने विद्यार्थीको धारणा अनुसार कक्षाकोठामा जान्ने विद्यार्थी बढी र नजान्ने विद्यार्थी कम सक्रिय भएको पाइयो। सिकाइ सहजीकरण प्रक्रियामा मौखिक, श्रव्य, दृश्य तथा पाठ्य सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरूको समान सक्रिय आवश्यकता पर्दछ। कक्षाकोठलाई बढी प्रजातान्त्रिक बनाउनका लागि निष्क्रिय विद्यार्थीलाई बढी सक्रिय गराउनुपर्ने देखिन्छ। समान सक्रियताले मात्र कक्षाकोठा प्रजातान्त्रिक तथा सिकाइ केन्द्रित हुने देखिन्छ।

## अभिव्यक्ति क्षमता वृद्धिमा शिक्षण सामग्रीको उपयोग

भाषाका चारओटा सिपहरूमध्ये बोलाइ र लेखाइ भाषाको अभिव्यक्तिसँग सम्बन्धित सिप हुन्।। विद्यार्थीहरूमा बोलाइ सिपका विकासका लागि कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु तथा चित्र वर्णन, संवाद, वादविवाद, वक्तृत्व जस्ता क्रियाकलापहरू गराउन सकिन्छ। कक्षाकोठामा बोलाइ सिपको विकास गराउन यस्ता क्रियाकलाप गराउँदा श्रव्य, दृश्य, श्रव्यदृश्य विद्युतीय पाठ्य आदि सामग्रीको प्रयोग गर्न सकिन्छ। बोलाइ सिप विकासका लागि सिकाइ सहजीकरण प्रक्रियामा प्रयोग गरिने शिक्षण सामग्रीको प्रयोगको बारेमा सहभागी शिक्षक 'क' भन्दछन् "कक्षाकोठामा बोलाइ सिपको शिक्षण गर्दा विषयवस्तुको बारेमा प्रश्नोत्तर गराउँछु। कहिलेकाहीँ विषयवस्तु/शीर्षक दिएर त्यसको बारेमा बोल्न लगाउँछु।पाठको प्रकृतिका आधारमा संवाद वादविवाद गर्न लगाउँछु। किताबमा भएका विभिन्न चित्र/तस्विरका बारेमा अनुमान गरी बोल्न लगाउँछु।"शिक्षक 'क' को धारणालाई हेर्दा कक्षाकोठामा मौखिक सामग्री, चित्र, तस्विर जस्ता सामग्रीको उपयोग गर्ने गरेको पाइयो। बोलाइ सिप शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको बारेमा सहभागी शिक्षक 'ख' को "बोलाइका लागि कुराकानी, छलफल प्रश्नोत्तर गराउँछु। संवाद, वादविवाद, वक्तृत्व पाठअनुसार कक्षामा कार्यकलाप गराउँछु। किताबका चित्र/तस्विर देखाएर विद्यार्थीबिच छलफल पनि गराउँछु" भन्ने धारणा बाट शिक्षक 'क' जस्तै 'ख' ले पनि कक्षाकोठामा बोलाइ सिपसँग सम्बन्धित कार्यकलाप गराउँदा मौखिक सामग्री, पुस्तकका

चित्र/तस्विर र विधागत पाठलाई सामग्रीको रूपमा उपयोग गरेको पाइयो । बोलाइ सिप शिक्षणका लागि कक्षाकोठामा उपयोग गरिने शिक्षण सामग्रीको बारेमा सहभागी छात्रको धारणा यस्तो रहेको छ “सरले किताबको चित्र/तस्विर देखाएर भन्न लगाउनुहुन्छ । अभ्यासमा भएका मौखिक प्रश्नोत्तर पनि गराउनुहुन्छ । वादविवाद, संवाद पाठमा हामीलाई कक्षामा शीर्षक दिएर प्रतियोगिता गराउनुहुन्छ । सहभागी छात्रको धारणालाई हेर्दा शिक्षकले पुस्तकमा भएका चित्र/तस्विरको वर्णन , कक्षाकोठामा वादविवाद, संवाद, वक्तृत्व, मौखिक , प्रश्नोत्तर गराएको पाइयो । बोलाइ सिप शिक्षणमा कक्षाकोठामा प्रयोग गरिने शिक्षण सामग्रीका बारेमा “सरले मौखिक अभ्यास गराउनुहुन्छ । कक्षाकोठामा पाठ्यपुस्तकमा भएका चित्र देखाएर वर्णन गर्न लगाउनु हुन्छ ।हामी कक्षामा वादविवाद, वक्तृत्वकला प्रतियोगिता पनि गर्दछौँ” भन्ने छात्राको धारणा पाइयो । सहभागी शिक्षक तथा विद्यार्थीको धारणालाई हेर्दा अभिव्यक्ति क्षमता विकासका लागि बोलाइ सिप शिक्षण गर्दा चित्र, तस्विर जस्ता दृश्य सामग्री, प्रश्नोत्तर, छलफल जस्ता मौखिक सामग्री तथा संवाद वादविवाद तथा वक्तृत्व जस्ता विधागत सामग्रीहरू कक्षाकोठामा प्रयोग गरेको पाइयो । यसका अलवा कक्षाकोठामा बोलाइ सिप विकासका लागि अन्य श्रव्य, दृश्य, श्रव्यदृश्य र विद्युतीय सामग्रीको उपयोग गरी मौखिक अभिव्यक्ति क्षमता विकासका लागि सिकाइ सहजीकरण कार्यकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

भाषाका चारओटा सिपहरूमध्ये लेखाइ उत्तरवर्ती सिप हो । यो सिप मूलत: औपचारिक शिक्षाबाट सिकिन्छ । भाषाका अन्य सिपभन्दा यो सिप कठिन मानिन्छ । यो सिप अन्य सिपको लिप्यात्मक प्रतिच्छाँया हो । विद्यालयका माथिल्लो कक्षामा अन्य सिपभन्दा लेखाइलाई बढी महत्व दिइन्छ । लेखाइ सिप शिक्षणका लागि अनुलेखन, हस्तलेखन देखि साहित्यिक/सिर्जनात्मक लेखनसम्मका कार्यकलापहरू पर्दछन् । लेखाइसम्बन्धी कार्यकलाप गराउँदा पाठ्यपुस्तक, चित्र, तस्विर, भिडियो जस्ता शिक्षण सामग्री उपयोग गर्न सकिन्छ । लेखाइ सिप शिक्षणका लागि उपयोग गरिने शिक्षण सामग्रीको बारेमा शिक्षक ‘क’ को धारणा यस्तो रहेको छ “कक्षामा विद्यार्थीहरूलाई पाठ पढाएपश्चात् अनुच्छेदहरू श्रुतिलेखन गराउँछु । समूह निर्माण गरी अनुच्छेद पढेर प्रश्न बनाउन लगाउँछु । विधागत प्रकृतिका आधारमा लिखित रूपमा सिर्जनात्मक तथा परियोजना कार्य पनि गराउँछु । विद्यालयमा अतिरिक्त क्रियाकलापको रूपमा कथा लेखन, निबन्ध लेखन, कविता लेखन प्रतियोगिता पनि गराउँदछौँ ।” सहभागी शिक्षक ‘क’ को धारणाबाट लेखाइ अभिव्यक्ति क्षमता विकासका लागि अन्य सामग्रीभन्दा पाठ्य सामग्री बढी उपयोग गरिएको पाइयो । लेखाइगत अभिव्यक्ति क्षमता विकासका लागि उपयोग गरिने शिक्षण सामग्रीका बारेमा शिक्षक ‘ख’ को “म लेखाइका लागि पाठ्यपुस्तक नै बढी प्रयोग गर्छु । विधागत पाठअनुसार कथा, कविता, निबन्ध जीवनी पनि लेख्न लगाउँछु । विद्यालयमा अतिरिक्त क्रियाकलापका रूपमा पनि यस्ता कार्यकलाप सञ्चालन गर्दछु । विद्यार्थीलाई श्रुतिलेखन पनि गराउँछु ।” भन्ने धारणा पाइयो । शिक्षक ‘ख’ ले पनि लेखाइ क्षमता अभिवृद्धिका लागि पाठ्य सामग्री बढी उपयोग गरेको पाइयो । लेखाइ अभिव्यक्ति क्षमता वृद्धिमा उपयोग हुने शिक्षण सामग्री तथा कार्यकलापका बारेमा सहभागी छात्रको धारणा यस्तो छ “कक्षामा सर अनुच्छेद भनेर लेख्न लगाउनुहुन्छ । अभ्यास गराउनुहुन्छ । कविता, कथा, जीवनी, निबन्ध, चिठी लेख्न लगाउनुहुन्छ । हामी अनुच्छेद पढेर प्रश्न पनि बनाउँछौँ ।”

सहभागी छात्रको धारणाअनुसार कक्षाकोठामा पाठ्यपुस्तक उपयोग गरेर निर्देशित तथा स्वतन्त्र लेखाइ क्षमता अभिवृद्धिका कार्यकलापहरू गरेको पाइयो । यस्तै लेखाइ सिप कार्यकलापको बारेमा सहभागी छात्राको “कक्षामा हामी कक्षा कार्य गर्दछौँ । सर गृहकार्य दिनुहुन्छ । कथा, कविता, निबन्ध प्रतियोगिता पनि हुन्छ ।” भन्ने धारणा पाइयो । लेखाइ अभिव्यक्ति क्षमता विकासमा शिक्षण सामग्रीको उपयोगसम्बन्धी सहभागी शिक्षकको धारणालाई हेर्दा पाठ्यपुस्तक तथा पाठ्यपुस्तकभित्रका अभ्यासात्मक सामग्रीलाई मात्र बढी उपयोग गरेको पाइयो । कक्षाकोठामा लेखाइ अभिव्यक्तिका लागि विविध कार्यकलाप गराए तापनि पाठ्य सामग्रीबाहेक श्रव्य, दृश्य, श्रव्यदृश्य विद्युतीय सामग्री उपयोग कम गरेको पाइयो । विद्यार्थीमा लेखाइ क्षमता वृद्धिका लागि पाठ्यपुस्तकबाहेक अन्य सामग्री पनि उपयोग गर्नुपर्ने देखिन्छ ।

विद्यार्थीहरूको भाषिक क्षमता भिन्नभिन्न किसिमको हुन्छ । सबै विद्यार्थीको क्षमता, रुचि, चाहना एउटै किसिमको हुँदैन । सिकाइ सहजीकरण प्रक्रियामा उपयोग गरिने शिक्षण सामग्री तथा सञ्चालित कार्यकलाप पनि विद्यार्थीको विविधतालाई सम्बोधन गर्ने खालको हुनुपर्दछ । अभिव्यक्ति क्षमता विकासका लागि कक्षाकोठा प्रयोग गरिने शिक्षण सामग्री तथा कार्यकलाप प्रयोग सञ्चालन गर्दा विद्यार्थीको स्तर, क्षमता रुचिलाई ध्यान दिनुपर्दछ । बोलाइ तथा लेखाइ जस्ता अभिव्यक्ति क्षमता वृद्धिका लागि उपयोग गरिने शिक्षण सामग्रीको विविधताको बारेमा सहभागी शिक्षक ‘क’ को धारणा यस्तो रहेको छ “विद्यार्थीमा अभिव्यक्ति क्षमता विकासका लागि बोलाइ र लेखाइ सिप शिक्षण गर्दा विषयवस्तुको प्रकृतिका आधारमा शिक्षण सामग्रीको प्रयोग गरिन्छ । यो विषयलाई यस्तो किसिमको सामग्री तथा कार्यकलाप सञ्चालन गर्दा ठिक होला भन्ने सोचेर प्रयोग गर्छ । स्तर, क्षमता, रुचिलाई ध्यान हेक्का राखेर त सामग्री प्रयोग गरेको छैन ।” शिक्षक ‘क’ को धारणाबाट अभिव्यक्ति क्षमता विकासका लागि शिक्षण सामग्रीको उपयोग गर्दा विद्यार्थीको क्षमता, स्तर रुचिभन्दा पनि शिक्षकको विवेकमा आधारित सामग्री उपयोग गरेको पाइयो । शिक्षण सामग्रीको विविधताका सन्दर्भमा सहभागी शिक्षक ‘ख’ को धारणा यस्तो रहेको छ “बोलाइ र लेखाइका लागि पाठको प्रकृतिका आधारमा फरक-फरक सामग्री त प्रयोग गरिन्छ तर विद्यार्थीहरूको रुचि, क्षमता, स्तर जस्ता विविधतालाई भने ख्याल गर्दिनँ ।” शिक्षक ‘ख’ को धारणा पनि शिक्षक ‘क’ जस्तै देखिन्छ । कक्षाकोठामा बोलाइ र लेखाइ जस्ता अभिव्यक्ति क्षमता विकासका लागि उपयोग गरिने शिक्षण सामग्रीको बारेमा सहभागी छात्रको “कक्षाकोठामा सर एकै किसिमको सामग्री प्रयोग गर्नुहुन्छ । पाठअनुसार फरक-फरक पनि अभ्यास गराउनुहुन्छ । यस्ता सामग्रीबाट जान्ने विद्यार्थीले छिटो बुझ्दछन् । नजान्ने विद्यार्थीहरूलाई विषयवस्तुका बारेमा फेरि भन्दिनुहुन्छ ” भन्ने धारणा पाइयो भने सहभागी छात्राले पाठअनुसार फरक-फरक अभ्यास गराउनुहुन्छ । सामग्री त बढी पाठ्यपुस्तक प्रयोग हुन्छ । नबुझेको कुरा सरले बुझाइदिनु हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । भाषाको अभिव्यक्ति क्षमता विकासका लागि सञ्चालन गरिने बोलाइ र लेखाइ सिप शिक्षणमा उपयोग गरिने शिक्षण सामग्रीको विविधताबारे सहभागीको धारणालाई हेर्दा कक्षाकोठामा पाठका प्रकृतिका आधारमा भिन्न-भिन्न सामग्रीको उपयोग गरिएको पाइए तापनि विद्यार्थीको रुचि, क्षमता, स्तर जस्ता पक्षलाई ख्याल गरिएको पाइएन ।

सिकाइकेन्द्रित सामग्रीको उपयोगभन्दा पनि शिक्षण केन्द्रित सामग्रीको उपयोग बढी गरेको पाइयो । भाषिक अभिव्यक्ति क्षमता विकासका लागि कक्षाकोठामा सिकाइ/केन्द्रित शिक्षण सामग्रीको उपयोग गर्नुपर्ने देखिन्छ ।

भाषिक सिपअन्तर्गत बोलाइ र लेखाइ जस्ता अभिव्यक्तिमूलक क्षमतासँग सम्बन्धित सिपको शिक्षण गर्दा उपयोग गरिने शिक्षण सामग्रीले विद्यार्थीहरूको समान तथा सक्रिय सहभागिता गराउनुपर्ने हुन्छ । अभिव्यक्ति क्षमताको विकासका लागि सिकाइ सहजीकरण प्रक्रियामा शिक्षण सामग्रीको उपयोग गर्दा विद्यार्थीहरूको समान तथा सक्रिय सहभागिताको सन्दर्भमा शिक्षक 'क' को धारणा रहेको छ "कक्षाकोठामा बोलाइ, लेखाइ सिप शिक्षणका लागि प्रयोग गरिने श्रव्य सामग्री (मोबाइल), पाठ्यसामग्री विभिन्न भिडियोहरू देखाएर शिक्षण गरिन्छ । सामग्री प्रयोगपश्चात् विधागत कार्यकलाप गर्न लगाउँछु । कार्यकलाप गर्दा जान्ने विद्यार्थी बढी सहभागी हुन्छन् । कमजोर विद्यार्थीलाई पनि प्रोत्साहन दिन्छु ।" सहभागी शिक्षक 'क' को धारणाअनुसार कक्षाकोठामा जान्ने विद्यार्थी बढी सक्रिय तथा नजान्ने विद्यार्थी कम सहभागी भएको पाइयो । शिक्षण सामग्रीको प्रयोगका क्रममा विद्यार्थीको सक्रियता तथा सहभागिताका बारेमा "अभिव्यक्ति क्षमताअन्तर्गत बोलाइ र लेखाइ सिपको शिक्षणका लागि मौखिक, पाठ्य, श्रव्य, श्रव्यदृश्य (मोबाइल) सामग्रीको प्रयोग गर्छु । यस्ता सामग्री प्रयोग गरी शिक्षण गर्दा विद्यार्थी सक्रिय सहभागी त हुन्छन् तर वक्तृत्व, वादविवाद, निबन्ध, कविता, कथा लेखन जस्ता कार्यकलापमा जान्ने विद्यार्थी बढी सक्रिय हुन्छन् । म कक्षामा नजान्ने विद्यार्थीलाई पनि सक्रिय गराउँछु " भन्ने धारणा शिक्षक 'ख' को रहेको छ । सहभागी शिक्षक 'ख' ले विद्यार्थीमा अभिव्यक्ति क्षमता विकासका लागि मौखिक, श्रव्यदृश्य सामग्री उपयोग गरेको पाइए तापनि जान्ने विद्यार्थी बढी सक्रिय भएको पाइयो । शिक्षण सामग्रीको अनुप्रयोगको सिलसिलामा विद्यार्थीको समान तथा सक्रिय सहभागिताका सन्दर्भमा सहभागी छात्रको धारणा यस्तो रहेको छ "सर मोबाइलमा कथा, कविता, वक्तृत्वकला सम्बन्धी भिडियोहरू देखाउनुहुन्छ सर विषयवस्तुको मौखिक छलफल गर्न लगाउनुहुन्छ । सरले यस्तो गर्दा हामी सबै सुन्छौँ । लेख्छौँ । सुनाउँछौँ पनि । तर यसो गर्दा जान्ने विद्यार्थीलाई बढी सोध्नुहुन्छ । जान्ने विद्यार्थी बढी सहभागी हुन्छन् ।" सहभागी छात्रको धारणामा कक्षाकोठामा जान्ने विद्यार्थी बढी सक्रिय  हुने तथ्य फेला पर्‍यो । विद्यार्थीको सक्रिय सहभागिता बारे "कक्षामा सबै सहभागीहरू हुन्छौँ तर जान्ने विद्यार्थी बढी सक्रिय सहभागी हुन्छन् ।" भन्ने सहभागी छात्राको धारणाबाट पनि कक्षाकोठामा विद्यार्थीको समान तथा सक्रिय सहभागिता देखिएन । सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत भाषिक अभिव्यक्ति सिप शिक्षणमा सामग्रीको अनुप्रयोग गर्दा विद्यार्थीको समान तथा सक्रिय सहभागितासम्बन्धी सहभागी शिक्षक तथा विद्यार्थीको धारणागत तथ्यलाई हेर्दा कक्षाकोठामा जान्ने विद्यार्थी बढी र नजान्ने विद्यार्थी कम सहभागी भएको पाइयो ।  शिक्षणका क्रममा देखिने विद्यार्थीको असमान सहभागिताले कक्षाकोठा कम प्रजातान्त्रिक तथा शिक्षक केन्द्रित भएको देखिन्छ । कक्षाकोठालाई प्रजातान्त्रिक तथा विद्यार्थीको  समान सक्रियताका लागि कक्षामा कमजोर विद्यार्थीलाई बढी सक्रिय गराउनुपर्ने देखिन्छ ।

सिकाइ सहजीकरण प्रक्रियाको सिलसिलामा उपयोग गरिने शिक्षण सामग्रीले जटिल विषयवस्तुलाई सरल ढङ्गले बुझ्न सहयोग गर्दछ । भाषाका बोलाइ र लेखाइ जस्ता अभिव्यक्तिगत क्षमतासँग सम्बन्धित सिपको शिक्षण गर्दा पाठ्यसामग्री, श्रव्यसामग्री, दृश्य सामग्री, वेब सामग्री तथा मौखिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीको सिकाइमा आउने सरलता र सहजताको विषयमा सहभागी शिक्षक ‘क’ को धारणा यस्तो रहेको छ “बोलाइ र लेखाइ सिपको शिक्षणको क्रममा शिक्षण सामग्री प्रयोग गरियो भने विद्यार्थीहरू सक्रिय हुन्छन् र छिटो बुझ्दछन् पनि ।” यसै गरी शिक्षण सामग्रीको प्रयोगले सिकाइ सहजताका सन्दर्भमा “शिक्षण सामग्री प्रयोग गरी बोलाइ र लेखाइ कार्यकलाप गराउँदा विद्यार्थीहरू सक्रिय हुन्छन् । झन भिडियो देखाएर शिक्षण गरियो भने विद्यार्थीहरू दोहोर्‍याइ, तेहर्‍याइ हेर्न मन गर्दछन् । यसरी पढाउँदा बढी सिक्छन् पनि ” भन्ने तथ्यगत धारणा पाइयो । दुबै सहभागी शिक्षकको धारणालाई बुझ्दा अभिव्यक्ति सिपको शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीले विद्यार्थीको सहभागिता तथा सिकाइको सरलता आएको पाइयो । अभिव्यक्तिगत क्षमता वृद्धिका लागि उपयोग गरिने शिक्षण सामग्रीको प्रभावकारिता तथा विद्यार्थीको सक्रिय सहभागिता सम्बन्धी सहभागी छात्रको “शिक्षण सामग्री प्रयोग गर्दा हामी बढी सक्रिय हुन्छौँ । त्यसैका आधारमा हामी लाई लेख्न र बोल्न पनि सरल हुन्छ । हामी बुझ्छौँ ।” भन्ने तथ्यगत धारणा पाइयो भने “बोलाइमा सरले भाषण, वक्तृत्व, संवाद सुनाउनुहुन्छ । हामी त्यसैका आधारमा त्यस्तै गरी छलफल वक्तृत्व गर्दछौँ । यसो गर्दा हामीले सजिलै सिक्छौँ भन्ने धारणा सहभागी छात्रको धारणा पाइयो । यसरी अभिव्यक्तिगत सिपअन्तर्गत पर्ने बोलाइ र लेखाइ सिप शिक्षणमा उपयोग गरिने मौखिक सामग्री, पाठ्यसामग्री तथा श्रव्यदृश्य सामग्रीले विद्यार्थीको सक्रिय सहभागिताका साथै सिप सिकाइमा सरलता र सहजता ल्याएको पाइयो ।

## निष्कर्ष

भाषाका सुनाइ बोलाइ पढाइ र लेखाइ सिपको शिक्षण नै भाषा शिक्षण हो । विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमताको विकास गर्नका लागि भाषा शिक्षण गरिन्छ । विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमताको विकास हुने अपेक्षा राखिएको हुन्छ । भाषिक सिपको विकासका लागि गरिने भाषा शिक्षणमा सिकाइ सहजता र सरलताका लागि विभिन्न शिक्षण सामग्रीको उपयोग गरिन्छन् । भाषिक सक्षमता अभिवृद्धिमा शिक्षण सामग्रीको उपयोग सन्दर्भमा गरिएको यस अध्ययनमा विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमताको विकासका लागि सिकाइ सहजीकरण क्रियाकलापमा पाठ्यसामग्री, पुस्तकालयीय सामग्री, श्रव्य, दृश्य, श्रव्यदृश्य तथा विद्युतीय (मोबाइल) सामग्रीको उपयोग गरिएको पाइयो । भाषिक सक्षमता अभिवृद्धिका लागि पाठ्यसामग्री तथा मौखिक सामग्री बढी उपयोग गरिएको देखिन्छ भने अन्य सामग्रीको उपयोग कमै मात्र भएको पाइन्छ । सामग्रीहरू सिकाइ केन्द्रितभन्दा बढी शिक्षण केन्द्रित सामग्रीको उपयोग गरिएको पाइन्छ । शिक्षण सामग्रीको उपयोग गर्दा कक्षामा जान्ने विद्यार्थी बढी सक्रिय भएको देखिन्छ भने नजान्ने विद्यार्थी कम सक्रिय भएको देखिन्छ । शिक्षण सामग्रीको उपयोग गर्दा विद्यार्थीको भाषा सिकाइमा सरलता सहजता प्राप्त भई भाषिक सक्षमता अभिवृद्धि भएको देखिन्छ

र विद्यार्थीले भाषा सक्रियतापूर्वक सिकेको देखिन्छ । तथापि भाषिक सक्षमता अभिवृद्धिमा उपयोग गरिने मौखिक, श्रव्य, दृश्य, श्रव्यदृश्य, पाठ्य तथा विद्युतीय साामग्रीहरू सिकाइ केन्द्रित नभई शिक्षण केन्द्रित रूपमा उपयोग भएका देखिन्छन् भने कक्षाकोठा पनि सामग्री उपयोगका दृष्टिले प्रजातान्त्रिक भएको कमै पाइन्छ । यसरी विद्यार्थीमा भाषिक सक्षमता अभिवृद्धिका लागि उपयोग गरिने शिक्षण सामग्रीहरू सिकाइकेन्द्रित तथा विद्यार्थीकेन्द्रित हुनुका साथै विद्यार्थीहरूको समान सक्रिय सहभागितामा आधारित हुनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षणः केही परिप्रेक्ष्य र पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०८०),*शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं :सनलाइट पब्लिकेसन ।

जोशी, कल्पनाकुमारी (२०७५), *नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अध्ययन,* प्रज्ञा वर्ष १,पृ. ९५-१०४ ।

कोइराला, विद्यानाथ (२०७२), *शैक्षिक सामग्रीको प्रयोग,* (शिक्षक श्रोत पुस्तक), पृ. ११५-१२७ ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौंः एमएके पब्लिसर्स एन्ड ड्युटिब्युटर्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६७), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्टिव्युटर्स प्रा.लि. ।

नेपाल सरकार (२०७६), *राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६,* नेपाल सकार ।

नेपाल सरकार (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम २०७८,* (कक्षा ९ र १०), नेपाल सकार ।

Creswell, J. W. (2014). *Research Design: Qualitative, Quantitative, and Mixed Methods Approaches.* Philippines: SAGE.

Dewey, J. (1966). *Democracy and education: an introduction to the philosophy of education.* United Kingdom: Free Press.

Langford, Peter E.(2005). *Vygotsky's developental and educational psychology*, Hove and New York : psychology press.

Vygotsky, Lev (1986*), thogh and language* . Alex Kozulin(trans).England :The MIT Press.